# वार्षिक प्रगति प्रतिवेदन-२०६५/०६६

कार्यक्रमः *COW URINE, SOURCE OF EMPLOYMENT, INCOME, ORGANIC & HYEGENIC PRODUCTION*

लौन अब त केही गरौं !

विकासद्वारा शान्तिलाई सबल पारौं

सहयोगि निकाय : नेपाल विकास वजार (NDM)-२००८
ग.नि.को.ज्ञानेश्वर, काठमाडौं




प्रतिवेदक : ग्रामिण सेवा समाज
कविलासी-९, गैर
सर्लाही
फोन नं. ०४६-६९०२२१, ९८४४०३२८०२
इ-मेलः ruralsociety1999@yahoo.com

जि.प्र.का.दर्ता नं.३५३ स.क.प.आद्धता नं. ११९१९

२
२०६५/०६६

# ग्रामिण सेवा समाज
# कविलासी-९, गैर वजार, सर्लाही
## Rural Service Society
## Kabilasi-9, Gair Bazar, Sarlahi
**2057**

मिति: २०६६/०५/०५

श्रीमान् कार्यप्रवन्धक ज्यू,
गरीवी निवारण कोष
ज्ञानेश्वर, काठमाडौं

**विषय :** आ.व. २०६५/०६६ NDM-2008 कार्यक्रमको वार्षिक प्रगति प्रतिवेदनको साथैं तेश्रो किस्ताको भुक्तानि वारे ।

उपरोक्त सम्वन्धमा त्यस कार्यालय र यस सहयोगी संस्था विच भएको सम्झौता पत्र नं.२३६९ (२०६४/०६५) को मिति २०६५।०३।१७ गते अनुसार यस संस्थाले एक वर्षे कार्यक्रम सम्पन्न गरि सो को प्रगति विवरण यसै साथ समलग्न रहेको व्यहोरा अनुरोध छ । साथै यस आ.व.२०६५/०६६ को साथै सो अवधिमा भएको खर्चको विवरण र Comparative Chart को साथै अन्य कागजातहरु यसै पत्रसाथ संलग्न राखि तेश्रो किस्ताको भूक्तानिको निमित यस संस्थाको सर्लाही स्थित रा.वा.वैक लालवन्दी को चल्ती हिसाव नं.१४३४ मार्फत भुक्तानि गरिदिनु हुनको लागि हार्दिक अनुरोध गर्दछु ।

..............................
मनमोहन झा
कार्यक्रम संयोजक

लौन अब त केही गरौं !

विकासद्वारा शान्तिलाई सबल पारौं

## कार्यक्रमको पृष्टभुमि

**१. भुमिका**

यस सर्लाही जिल्ला अन्तर्गतका ९९ओटा गा.वि.स.हरु मध्येबाट कविलासी, पिपरिया, किसनपुर, फरहदवा र जब्दी गा.बि.स.हरुमा *"लौन अव त केही गरौं"* Nepal Development Marketplace-2008 अन्तर्गत यस आ.व. २०६५/०६६ मा संचालन गरि कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रमबाट स्थानिय कृषकहरुको गाईको गोठ सुधार गरि गाई वस्तुको मूत्रको प्रयोग कृषिवालीमा कसरी गर्ने, यस कार्यक्रमबाट थप रोजगारी र आयआर्जन सम्वन्धि २०० जना सम्वन्धित कृषकहरुलाई तालिमको माध्यमबाट जानकारी गराईयो । यसको साथै हालको अवस्थामा गाई वस्तुको मूत्रको प्रयोग कृषकहरुबाट गरिएको देखिन्छ । साथै कृषकहरुलाई रासायनिक मलको कम मात्रा प्रयोग गरि बढी भन्दा बढी गाईको मलमूत्र खेतवारीमा प्रयोग गर्नुको साथै गाई वस्तुहरुको व्यवस्थित तरिकाले पालन पोषण गर्नमा समेत टेवा पुगेको देखिन्छ । यस प्रकारका क्रियाक्लाप गरि जिल्लाका विभिन्न गा.वि.स.हरुमा संचालन गरेको खण्डमा माटोको उर्वरा सक्ति कायम रहनुको साथै वातावरण संरक्षण तथा सम्वर्धन हुनुको साथै गाईबाट उत्पादित दुग्ध, दहि, घिउ, मल, मूत्र समेतको प्रयोग हुन जानेछ । जस्ले गर्दा ग्रामिण जनताहरुलाई रसायनिक मलमा लगानि कम गरि आफ्नै गाउँ घरमा उत्पादित मल र जैविक विषाधि प्रयोग गरि माटोको उर्वरा सक्ति कायम गराउनुको साथै खेर गईरहेको वस्तुहरुको उपभोग हुनु तथा गरीवी न्यूनीकरणमा समेत सहयोग पुग्नुको साथै मानव स्वास्थ्यमा पर्ने असर समेत कम हुदै जानेछ ।

**२. लक्ष्य / उदेश्य :**

गाई वस्तुको मूत्र प्रयोग गरि कृषि उत्पादन गराउनुको साथै वातावरण संरक्षण, माटोको उर्वरा सक्ति कायम राख्नुको साथै गरीवी न्युनिकरण गराउनु, रसायनिक मलको कम प्रयोग हुनुको साथै यस कार्यबाट थप रोजगारी र आयआर्जनको अवसर प्राप्त हुनु ।

**३. क्रियाक्लाप:**

- गा.वि.स. स्तरिय कार्यक्रम जानकारीमूखि वैठक गरियो ।
- लक्षित समुह छनौट गरियो ।
- उक्त समुहको सर्वेक्षण कार्य सम्पन्न गरियो ।
- ५ ओटा गा.वि.स.हरुमा गाई पालक कृषकहरुको लागि प्रति गाई वरावर ४० क्यु.फिट को २०० ओटा गोठ निर्माण कार्य सम्पन्न गरियो ।
- गाईबाट उत्पादित मल मूत्र कृषिवालिमा प्रयोग गर्न जानकारी तथा प्रयोग गर्न लगाइयो ।
- २०० कृषकहरुलाई तीन दिने वहुउद्देशिय तालिम दक्ष प्रशिक्षकबाट संपन्न गरियो ।
- यस कार्यक्रमबाट प्राप्त उपलब्धि वारे कृषहरुबाट मांग गरियो ।
- थप कृषकहरुलाई जानकारीको निम्ति यस कार्यक्रमसंग सम्वन्धित गा.वि.स.हरुमा गाईवस्तुको मूत्र संकलन तथा प्रसार केन्द्रको स्थाप्ना गरियो ।

**४. सर्लाही जिल्लाको संक्षिप्त परिचय :**

नेपालको मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत जनकपुर अञ्चलको ६ जिल्लाहरु मध्ये दक्षिणी तराई भेगमा सर्लाही जिल्ला अवस्थित छ । यो जिल्लाको सदरमुकाम मलंगवा नगरपालिक हो । यस जिल्लाको पूर्वमा बांके तथा हर्दी नदी र पश्चिममा बागमती सिमा नदीको रुपमा बगेको छ । प्रायः जसो वर्षा ऋतुमा यो जिल्लाको सदरमुकाम र सोभन्दा पश्चिम-दक्षिण क्षेत्र बाढीको चपेटामा पर्ने गरेको छ ।

यस जिल्लमा जीवन निर्वाहको प्रमुख श्रोत कृषि नै रहेको छ । खेति योग्य उर्वर भूमि, श्रमशक्तिको प्रचुरता, विद्युत उपलब्धता, सुगम भौगोलिक अवस्था, वनजंगल, नदीनाला तथा खुला भारतिय सिमाना जस्ता विकासका राम्रा अनेक अवसर तथा सम्भावनाहरु यस जिल्लामा विद्यमान छन् । तर त्यसको सदुपयोग राम्रोसंग हुन सकेको छैन । गोलभेडा तथा तरकारी उत्पादनका लागि यस जिल्लाको लालबन्दी क्षेत्र नेपालमा प्रख्यात छ ।

यस जिल्लाको नामाकरणबारे सत्यतथ्य प्रमाण नभेटिए पनि प्राचिन इतिहासलाई खोजी गर्दा यस जिल्लाको हेमपुर गाउँ विकास समितिमा सर्लाही देवीको मन्दिरको नामबाट जिल्लाको नाम रहन गएको भन्ने अनुमान छ । रातको समयमा यदि कोही मानिस बती बोकि ती देवीको मन्दिरमा गएमा उसको मृत्यु हुन्छ भन्ने जनविश्वासले गर्दा आज पनि बती लिएर राती त्याहां कोही पुग्दैनन् । यिनै देवीको नामबाट नै पहिले यस ईलाकाको र पछि यस जिल्लाको नाम " सर्लाही" रहन गएको हो भन्ने स्थानिय बासिन्दाहरुको धारणा रहेको पाईन्छ । सर्लाही देवीको मन्दिर वरिपरि अझै पनि बस्ती बसेको छैन ।

यस जिल्लाले नेपालको कूल भू-भागको लगभग ०.८६% क्षेत्रफल र कूल जनसंख्याको लगभग २.७५% भाग ओगटेको छ । जनसंख्याको हिसावले नेपालमा यो जिल्ला छैठौ स्थानमा पर्दछ । थेरै-थोरै गरेर यस जिल्लामा ९४ जात-जातीको बसोबास रहेको छ ।

**५. समाजिक परिचालन :**

गरीवी निवारण कोष सम्झौता पत्र -२३६९(०६४/०६५) को मिति २०६५।०३।१७ गते अनुसार ***"लौन अव त केही गरौं"*** कार्यक्रम अन्तरगत ग्रामिण सेवा समाज कविलासी-९ गैरलाई *COW URINE, SOURCE OF EMPLOYMENT, INCOME AND ORGANIC & HYEGENIC PRODUCTION* कार्यक्रम गर्न कार्यादेश प्राप्त भएको हुनाले सर्लाही जिल्लाको ९९ गा.वि.स.हरु मध्य ५ गा.वि.स.हरु : कविलासी, पिपरिया, फरहदवा, किसनपुर र जव्दीका लक्षित समुदायहरुलाई खास गरि गरीव, दलित, तथा जनजाती, पिछडिएको जाति र महिलाहरुलाई जागरुक गर्नको निम्ति संगठन वनाई एक शुत्रमा बाध्नको निम्ति विभिन्न प्रकारको क्रियाकलापको माध्यमबाट प्रोत्साहन गरी ***"गाईको गहूतको प्रयोग रोजगारी तथा उत्पादनको श्रोत"*** को नारा दिई, आर्थिक विकासको साथै सामाजिक विकासमा सहभागि हुनको निम्ति सा.सं.को सदस्यहरुलाई तयार पारि गाई पालन समूहको निर्माण गरियो ।

**६. कार्यक्षेत्र :**

| क्र.सं. | गा.वि.स. | सहभागि सदस्य संख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| १ | | म. | पु. | जम्मा | |
| २ | कविलासी | ७ | १९ | २६ | |
| ३ | पिपरिया | १२ | २० | ३२ | |
| ४ | फरहदवा | २० | ३५ | ५५ | |
| ५ | किसनपुर | ५ | १४ | १९ | |
| ६ | जव्दी | २९ | ३९ | ६८ | |

नोट : यस कार्यक्रमसंग सम्वन्धित सहभागि सदस्यहरु अनुसुचि १ मा राखिएको छ ।

७. क्षमता अभिवृधि र मानव संसाधन विकास :

मानव संसाधन विकास र क्षमता अभिवृधि गरीवि निवारणको एउटा प्रमुख क्षेत्र भएको हुनाले यस कार्यक्रमलाई बढी भन्दा बढी प्रभावकारी बनाउनको निम्ति यस कार्यक्रमसंग सम्वन्धित सम्पूर्ण गा.वि.स.हरुको २०० जनालाई समूहगत रुपमा तीन दिने "*Multi Dimensional Use of Live Stock's Urine in Cereal, Vegetable and Horticulture Crops for Income Generation, Employment, Organic & Hygienic Production*" सम्वन्धि तालिम यस कार्यसंग सम्वन्धित गा.वि.स.हरु पिपरिया, कविलासी, फरहदवा, किसनपुर र जब्दीमा विभिन्न मितिहरुमा सम्पन्न भएको थियो जस्को विस्तृत विवरण *अनुसूचि ..* मा राखिएको छ । यस तालिम तथा प्राविधिक सहयोगको माध्यबाट लक्षित समुदायको क्षमता अभिवृद्ध गर्न दक्षता बढाउने काममा पूर्ण रुपले सहयोग हुनेछ । यस तालिको माध्यमवाट लक्षित कार्यक्रम गर्नको साथै दिगो कार्यक्रम संचालन गर्न पूर्ण रुपले सहयोग भएको कुरा तालिमका सहयोगिहरुबाट प्राप्त भएको छ । यस कार्यक्रमसंग प्रत्येक रुपमा संलग्न कर्मचारीहरुको विवरण प्राप्त भएको छ ।

| क्र.सं. | कर्मचारीको नाम | शैक्षिक योग्यता | अनुभव | कैफियत |
|---|---|---|---|---|
| १ | मनमोहन झा | वि.एस.सि.एजी. | १५ वर्ष | कृषि तथा पशु विकास सम्वन्धि विषेश अनुभव |
| २ | राम प्रकास यादव | जे.टि.ए. | १३ वर्ष | कृषि सम्वन्धि विषेश अनुभव |
| ३ | सचिदा नन्द सिहं | १०+२, कम्प्युटर सव-ओभरसियर | ८ वर्ष | समाजिक परिचालन र कम्प्युटरमा विषेश अनुभव |

यसको साथै कार्यक्रमलाई बढी प्रभावकारी बनाउनको लागि जिल्लाबाट पनि समय समयमा कृषि अधिकृत एवं पशु विकास अधिकृतहरुलाई आमन्त्रण गरि समुदायमा नयाँ थप जानकारी गराउने प्रयास भई रहेको छ ।

८. गरीवी न्यूनिकरणमा जोड :

बढ्दो जनसंख्याको चाँप र खेति योग्य जमीनको अभावले गर्दा आज हामीलाई सिमीत जग्गाबाट धेरै भन्दा धेरै उत्पादन लिन नितान्त आवश्यक भएको छ । साथै कृषि उत्पादन तर्फ आत्म निर्भरता बढाउन र आधारभूत आवश्यक्ता परिपूर्ति गर्न उत्पादनमा कुनै कमि आउन नदिई अधिक्तम उपज प्राप्त गर्नु पर्छ भन्ने कुरामा दुई मत छैन ।

कृषि उत्पादन वृद्धि गराउनमा जैविक मल तथा जैविक विषाद्धिको प्रयोगले गर्दा गरीवी निवारणमा प्रत्यक्ष रुपमा फाईदा भईरहेको कुरामा कुनै प्रकारको कमि छैन । यसले थप आय आर्जनको साथै स्वरोजगारीको अवसर प्रदान गर्न प्रमुख रुपले भूमिका निर्वाह भइरहेको छ साथै यसको प्रयोगले समाजमा एउटा क्रान्ति ल्याउन सम्भावना देखिएको छ ।

९. अनुगमन :

यस कार्यक्रमलाई बढी प्रभावकारी बनाउनको लागि यस कार्यक्रमसंग सम्वन्धित टिम द्वारा प्रत्येक महिनाको दुई पल्ट अनुगमन गर्ने काम भएको छ । उक्त कार्यको सम्पर्क व्यक्तिको रुपमा कार्यहरुको टिम लिडर श्री मनमोहन झा र यस संस्थाको सचिव श्री विष्णु नारायण झा लाई नियुक्त गरिएको छ । यसको साथै थप उर्जाको निम्ति समय समयमा सम्वन्धित विषय विषेशज्ञलाई बोलाई कार्यक्रमको अनुगमन कार्य सम्पन्न भएको छ ।

**१०. आ.व. २०६५/०६६ मा Cow Urine Source of Employment Income and Organic Production NDM-2008 कार्यक्रमहरुको वार्षिक लक्ष्य र प्रगति विवरण :**

| क्र.सं. | कार्यक्रम | वार्षिक लक्ष्य | वार्षिक प्रगति | वार्षिक प्रगति% |
|---|---|---|---|---|
| १ | गाई वस्तुहरुको लागि सुधारीएको गोठ निर्माण | २०० थान | २०० थान | १००% |
| २ | गाई गौतको प्रयोग बारे सचेत्ना गोष्ठि कार्यक्रम | ९ गा.वि.स.मा | ९ गा.वि.स.मा | १००% |
| ३ | गाईको मूत्र सम्वन्धि अनुसन्धान तथा प्रसार केन्द्रको स्थाप्ना | ५ ठाउँमा | ५ ठाउँमा | १००% |
| ४ | सुचना प्रवाहको लागि होर्डिङग वोर्ड, पर्चा, पम्पलेट, प्रकासन र प्रसारण कार्य | ५ ठाउँमा | ५ ठाउँमा | १००% |
| ५ | वकाइनो तथा निमको विरुवा वितरण | १०,००० वोट | १०,००० वोट | १००% |
| ६ | स्प्रे टैन्क | २ थान | २०० थान | १००% |
| ७ | ३ दिने कृषि बालीमा गौमूत्रको मल उत्पादन तथा प्रयोग गर्ने सम्वन्धि तालिम | २०० जना कृषक | २०० जना कृषक | १००% |
| ८ | जिल्ला स्तरिय अनुगमन तथा मुल्याङकन | सम्पन्न | सम्पन्न | १००% |
| ९ | रिपोर्टिङग | सम्पन्न | सम्पन्न | १००% |

**प्रगति प्रतिशत - १००%**

**११. आ.व. २०६५/०६६ मा सम्पन्न गरेको कार्यक्रमवारे संक्षिप्त जानकारी :**

गाई वस्तुको गहूँत प्रति जनचेत्ना बढाउनको निमित सर्लाही जिल्लाको ९९ गा.वि.स.हरु मध्यबाट ५ वटा गा.वि.स.हरु क्रमशः कविलासी, पिपरिया, किसनपुर, फरहदवा र जब्दीमा श्रोत केन्द्रको स्थाप्ना भई हाल ती गाउंहरुमा गाई वस्तुको गहूँत प्रति व्यापक रुपमा प्रयोग गर्ने लहर चलेको छ र यस कार्यक्रमलाई निरन्तरता दिई सर्लाही जिल्लाको प्रत्येक कृषक र प्रत्येक गा.वि.स.हरुमा संचालन गर्नुपर्ने देखिन्छ ।

### ११.१. गोठ सुधार कार्यहरु :

यस कार्यक्रम संग सम्वन्धित गा.वि.स.हरु जस्तै कविलासी, पिपरिया, फरहदवा, किसनपुर, जब्दीमा गाईको गोठ सुधार गरि जम्मा २०० वटा गोठ निर्माण भई त्यहांबाट गाईको गहूंत संकलन गरि कृषकहरुले आ-आफ्नो खेत बारीमा रासायनिक मल र रासायनिक विषाधिको विकल्पको रुपमा प्रयोग गरि फाईदा लिरहेको छ । यस कार्यक्रमबाट गरीवी निवारणको रुपमा साकारात्मक प्रभाव पारेको छ ।


Floor of Livestock Shade Improve... in Pipariya


Sitting Cow in Improved Shade


Cow Urine Tank

### ११.२ गोठ सुधारपछि हुने फाईदाहरु :

१. स्थानिय गाईको गोठ सुधार पश्चात गोवर र मूत्र संकलनमा सरलता ल्याई कृषि व्यवसाय प्रवर्धन कार्यक्रममा प्रत्यक्ष रुपमा फाइदा भएको कुरा गोठ व्यवस्थापन तालिमबाट प्राप्त भएको छ ।
२ गोठ तथा भखारो सुधार पश्चात कृषकहरुद्वारा संकलन गरीएको मूत्रको प्रयोग व्यापक रुपमा आ-आफ्नो खेत बारीमा प्रयोग प्रति रुचि जागेको छ ।
३ गोठ सुधारको माध्यमबाट संकलन गरिएको मूत्रको प्रयोगबाट बोट विरुवामा लाग्ने रोगहरुको साथै विभिन्न प्रकारको कीरा फट्यांग्रालाई नियन्त्रण गर्नमा प्रत्यक्ष रुपमा फाइदा हुने भएको कुरा कृषकहरुबाट जानकारी हुन आएको छ ।
४. बोटविरुवमा गोवर र मूत्रको प्रयोगले माटोको मलिलोपन बढेको कुरा कृषकहरुबाट अन्तरकृया कार्यक्रमबाट थाहा भएको छ ।
५. शुद्ध र सफा दुग्ध संकलन गर्नमा गोठ सुधार कार्यक्रमबाट प्रत्यक्ष रुपमा फाइदा भएको कुरा सहभागि कृषकहरुबाट जानकारी प्राप्त भएको छ ।
६. गोठ तथा भखारोको सुधार पश्चात सरसफाईको कारणले गर्दा पशु स्वास्थ्य को साथै वाह्य परजीवी नियन्त्रण कार्यमा पनि सहयोग प्राप्त भएको कुरा अन्तरकृया कार्यक्रममा आएको हो ।

### ११.३. गाई वस्तुको मूत्र सम्वन्धि जनचेतना कार्यक्रम

यस आ.व. २०६५/०६६ अन्तर्गत गरीबी निवारण कोष लौन अव त केही गरौ र विकासद्वारा शान्तिलाई सफल पारौ भन्ने नारालाई बुलन्द पार्दै यस ग्रामिण सेवा समाजद्वारा विभिन्न मितिमा उपस्थीत भई गाई बस्तुको गहूँत उत्पादन तथा रोजगारीको श्रोतबाट यस जिल्लाको ९ वटा गा.वि.स.हरुमा जानकारीमुखी १ दिने कार्यक्रम सम्पन्न गरियो ।

(यस कार्यक्रमसंग सम्वन्धित सवै सहभागिहरुको नामावली अनुसुचि ..१.. मा राखिएको छ)







गाईवस्तुको मूत्र सम्वन्धि जनचेतना कार्यक्रममा सहभागि कृषकहरु

### ११.४. गा.वि.स.हरुमा गाई वस्तुको मूत्र संकलन, अनुसन्धान तथा प्रसर केन्द्र (५) ठाउँमा :

NDM 2008 कार्यक्रमको कार्यक्षेत्रको रुपमा रहेको गा.वि.स.हरु कविलासी, पिपरिया, जब्दी, फरहदवा र किसनपुरमा कार्यक्रमको प्रभावकारीताको लागि गौमूत्रको फाईदा तथा कार्यक्रमको विस्तृत विवरण खुल्ने गरि ५ वटै गा.वि.स.हरुको मूत्र संकलन केन्द्रहरुमा सुचना वोर्ड राखिएको छ । उक्त बोर्डमा सहयोगी संस्था, कार्यक्रम, गौमूत्रको फाईदा एवं यसको प्रयोग तथा संकलन विधी जस्ता महत्वपुण विषय तथा पक्षहरु समेटिएको हुनाले उक्त सुचना पाटी पढेर किसानहरुले कार्यक्रम लगनशिल देखिन्छन् ।

**११.५. पिपरिया :**

पिपरिया गा.वि.स. सर्लाही जिल्लाको मध्य भागमा पर्ने एउटा सिंगो गाउँ वडा नं.१ देखि ९ सम्म रहेकोछ। यस गा.वि.स.को क्षेत्रफल ६५७७ वर्ग कि.मि. र सदरमुकामबाट ६ माइलको दुरीमा छ। साथै यस गा.वि.स.का कृषकहरुलाई बढी भन्दा बढी फाईदा पुऱ्याउनको निम्ति गाई वस्तुको मूत्र प्रयोग सम्वन्धि एउटा मूत्र अनुसन्धान तथा प्रसार केन्द्रको स्थाप्ना गरीएको छ। साथै यस कार्यक्रमबाट ३२ घरधुरी प्रत्यक्ष रुपमा लाभान्वित थप रोजगारी र आय आर्जनको अवसर प्राप्त हुन आएको छ।

**गा.वि.स. पिपरियामा संचालन भएका गाईवस्तुको मूत्र संकलन, अनुसन्धान तथा प्रसार केन्द्रको गतिविधिहरु :**

**ग्रामिण सेवा समाज कविलासी-९, गैर वजारद्वारा**
**NDM-2008 कार्यक्रम अन्तर्गत गरीवी निवारणको लागि संचालित गोमूत्र संकलन अनुसन्धन एवं प्रचार कार्यक्रमको गतिविधिहरु :**

गा.वि.स. पिपरीया-६ सर्लाही
२०६५/०६६

- कृषकहरुलाई भेला गराई गाई वस्तुको मूत्रसंकलन र सोको प्रयोग वालीनाली र बोट विरुवामा कसरी गर्ने सम्वन्धमा आवश्यक जानकारी गराउने।
- मूत्र खरिद विक्रि सम्वन्धि सुचना प्रवाह गर्नुको साथै अवश्यक रख रखाव र भण्डारण सम्वन्धि जानकारी गराउने।
- बोट विरुवामा प्रयोग भईरहेको रसायनिक मल र विषादि औषधिको प्रभाव र गाई वस्तुबाट तयार पारिएको जैविक मल, जैविक विषादि सम्वन्धि प्रभावको तुल्नात्मक अध्ययन सम्वन्धि कृषकहरुलाई जानकारी गराउने।
- गाई वस्तुको मूत्रको वहुआमिक गुणवारे कृषकहरुलाई जानकारी गराउने।



<u>**विशेष जानकारीको लागि सम्पर्क व्यक्तिको रुपमा श्रीकान्त चौधरीलाई कार्यभार सुम्पिएको छ**</u>

**११.५. पिपरिया :**

पिपरिया गा.वि.स. सर्लाही जिल्लाको मध्य भागमा पर्ने एउटा सिंगो गाउँ वडा नं.१ देखि ९ सम्म रहेकोछ। यस गा.वि.स.को क्षेत्रफल ६५७७ वर्ग कि.मि. र सदरमुकामबाट ६ माइलको दुरीमा छ। साथै यस गा.वि.स.का कृषकहरुलाई बढी भन्दा बढी फाईदा पुऱ्याउनको निम्ति गाई वस्तुको मूत्र प्रयोग सम्वन्धि एउटा मूत्र अनुसन्धान तथा प्रसार केन्द्रको स्थाप्ना गरीएको छ। साथै यस कार्यक्रमबाट ३२ घरधुरी प्रत्यक्ष रुपमा लाभान्वित थप रोजगारी र आय आर्जनको अवसर प्राप्त हुन आएको छ।

**गा.वि.स. पिपरियामा संचालन भएका गाईवस्तुको मूत्र संकलन, अनुसन्धान तथा प्रसार केन्द्रको गतिविधिहरु :**

**ग्रामिण सेवा समाज कविलासी-९, गैर वजारद्वारा**
**NDM-2008 कार्यक्रम अन्तर्गत गरीवी निवारणको लागि संचालित गोमूत्र संकलन अनुसन्धन एवं प्रचार कार्यक्रमको गतिविधिहरु :**

गा.वि.स. पिपरीया-६ सर्लाही
२०६५/०६६

- कृषकहरुलाई भेला गराई गाई वस्तुको मूत्रसंकलन र सोको प्रयोग वालीनाली र बोट विरुवामा कसरी गर्ने सम्वन्धमा आवश्यक जानकारी गराउने।
- मूत्र खरिद विक्रि सम्वन्धि सुचना प्रवाह गर्नुको साथै अवश्यक रख रखाव र भण्डारण सम्वन्धि जानकारी गराउने।
- बोट विरुवामा प्रयोग भईरहेको रसायनिक मल र विषादि औषधिको प्रभाव र गाई वस्तुबाट तयार पारिएको जैविक मल, जैविक विषादि सम्वन्धि प्रभावको तुल्नात्मक अध्ययन सम्वन्धि कृषकहरुलाई जानकारी गराउने।
- गाई वस्तुको मूत्रको वहुआमिक गुणवारे कृषकहरुलाई जानकारी गराउने।



**<u>विशेष जानकारीको लागि सम्पर्क व्यक्तिको रुपमा श्रीकान्त चौधरीलाई कार्यभार सुम्पिएको छ</u>**

**११.६. किसनपुर :**

किसनपुर गा.वि.स. सर्लाही जिल्लाको उतर पुर्व भागमा पर्दछ। यो गा.वि.स. आर्थिक दृष्टीकोणले मध्यम खालको रहेको छ। यस गा.वि.स.को क्षेत्रफल ८.९५५ वर्ग कि.मि. र सदमुकामबाट ८ माईलको दुरीमा छ। यस गा.वि.स.को बाटोघाटोको अवस्था ग्रेभिल रहेको छ। यहांको साक्षरता दर २१.६ रहेको छ यसको साथै घरधुरी संख्या ७१४ रहेको मध्यबाट १९ घरधुरी NDM-2008 कार्यक्रमबाट प्रत्यक्ष रुपमा लाभान्वित भई थप रोजगारी र आय आर्जनको अवसरको फाईदा लिरहेको छ।

**गा.वि.स. किसनपुरमा संचालन भएका गाईवस्तुको मूत्र संकलन, अनुसन्धान तथा प्रसार केन्द्रको गतिविधिहरु :**

**ग्रामिण सेवा समाज कविलासी-९, गैर वजारद्वारा**
**NDM-2008 कार्यक्रम अन्तर्गत गरीवी निवारणको लागि संचालित गोमूत्र संकलन अनुसन्धन एवं प्रचार कार्यक्रमको गतिविधिहरु :**
गा.वि.स. किसनपुर
सर्लाही
२०६५/०६६

- कृषकहरुलाई भेला गराई गाई वस्तुको मूत्रसंकलन र सोको प्रयोग वालीनाली र बोट विरुवामा कसरी गर्ने सम्वन्धमा आवश्यक जानकारी गराउने।
- मूत्र खरिद विक्रि सम्बन्धि सुचना प्रवाह गर्नुको साथै अवश्यक रख रखाव र भण्डारण सम्वन्धि जानकारी गराउने।
- बोट विरुवामा प्रयोग भईरहेको रसायनिक मल र विषादि औषधिको प्रभाव र गाई वस्तुबाट तयार पारिएको जैविक मल, जैविक विषादि सम्बन्धि प्रभावको तुल्नात्मक अध्ययन सम्बन्धि कृषकहरुलाई जानकारी गराउने।
- गाई वस्तुको मूत्रको वहुआमिक गुणवारे कृषकहरुलाई जानकारी गराउने।



विशेष जानकारीको लागि सम्पर्क व्यक्तिको रुपमा श्री चतुर साहलाई कार्यभार सुम्पिएको छ

**११.७. फरहदवा :**

फरहदवा गा.वि.स. सर्लाही जिल्लाको सदरमुकमबाट ८ मईलको दुरीमा रहेको छ। यस गा.वि.स. को क्षेत्रफल १०.१५५ वर्ग किलो मिटर रहेको छ। यस गा.वि.स.को साक्षरता दर ३३.५ र कृषि कार्यमा संलग्न ५०.८% रहेको छ। साथै यस गा.वि.स.को घरधुरी संख्या ७७३ रहेको छ। यस **NDM -2008** कार्यक्रमबाट यस गा.वि.स.का ५५ घरधुरी प्रत्यक्ष रुपमा लाभान्वित भईरहेको छ।

**गा.वि.स. फरहदवामा संचालन भएका गाईवस्तुको मूत्र संकलन, अनुसन्धान तथा प्रसार केन्द्रको गतिविधिहरु :**

**ग्रामिण सेवा समाज कविलासी-९, गैर वजारद्वारा**
**NDM-2008 कार्यक्रम अन्तर्गत गरीवी निवारणको लागि संचालित गोमूत्र संकलन अनुसन्धन एवं प्रचार कार्यक्रमको गतिविधिहरु :**
गा.वि.स. फरहदवा
सर्लाही
२०६५/०६६

- कृषकहरुलाई भेला गराई गाई वस्तुको मूत्रसंकलन र सोको प्रयोग वालीनाली र बोट विरुवामा कसरी गर्ने सम्वन्धमा आवश्यक जानकारी गराउने।
- मूत्र खरिद विक्रि सम्वन्धि सुचना प्रवाह गर्नुको साथै अवश्यक रख रखाव र भण्डारण सम्वन्धि जानकारी गराउने।
- बोट विरुवामा प्रयोग भईरहेको रसायनिक मल र विषादि औषधिको प्रभाव र गाई वस्तुबाट तयार पारिएको जैविक मल, जैविक विषादि सम्बन्धि प्रभावको तुल्नात्मक अध्ययन सम्बन्धि कृषकहरुलाई जानकारी गराउने।
- गाई वस्तुको मूत्रको वहुआमिक गुणवारे कृषकहरुलाई जानकारी गराउने।



<u>विशेष जानकारीको लागि सम्पर्क व्यक्तिको रुपमा श्री विरेन्द्र रायलाई कार्यभार सुम्पिएको छ</u>

**११.७. फरहदवा :**

फरहदवा गा.वि.स. सर्लाही जिल्लाको सदरमुकमबाट ८ मईलको दुरीमा रहेको छ। यस गा.वि.स. को क्षेत्रफल १०.१५५ वर्ग किलो मिटर रहेको छ। यस गा.वि.स.को साक्षरता दर ३३.५ र कृषि कार्यमा संलग्न ५०.८% रहेको छ। साथै यस गा.वि.स.को घरधुरी संख्या ७७३ रहेको छ। यस **NDM -2008** कार्यक्रमबाट यस गा.वि.स.का ५५ घरधुरी प्रत्यक्ष रुपमा लाभान्वित भईरहेको छ।

**गा.वि.स. फरहदवामा संचालन भएका गाईवस्तुको मूत्र संकलन, अनुसन्धान तथा प्रसार केन्द्रको गतिविधिहरु :**

**ग्रामिण सेवा समाज कविलासी-९, गैर वजारद्वारा**
**NDM-2008 कार्यक्रम अन्तर्गत गरीवी निवारणको लागि संचालित गोमूत्र संकलन अनुसन्धन एवं प्रचार कार्यक्रमको गतिविधिहरु :**
गा.वि.स. फरहदवा
सर्लाही
२०६५/०६६

- कृषकहरुलाई भेला गराई गाई वस्तुको मूत्रसंकलन र सोको प्रयोग वालीनाली र बोट विरुवामा कसरी गर्ने सम्वन्धमा आवश्यक जानकारी गराउने।
- मूत्र खरिद विक्रि सम्वन्धि सुचना प्रवाह गर्नुको साथै अवश्यक रख रखाव र भण्डारण सम्वन्धि जानकारी गराउने।
- बोट विरुवामा प्रयोग भईरहेको रसायनिक मल र विषादि औषधिको प्रभाव र गाई वस्तुबाट तयार पारिएको जैविक मल, जैविक विषादि सम्बन्धि प्रभावको तुल्नात्मक अध्ययन सम्बन्धि कृषकहरुलाई जानकारी गराउने।
- गाई वस्तुको मूत्रको वहुआमिक गुणवारे कृषकहरुलाई जानकारी गराउने।



<u>विशेष जानकारीको लागि सम्पर्क व्यक्तिको रुपमा श्री विरेन्द्र रायलाई कार्यभार सुम्पिएको छ</u>

**११.८. कविलासी :**

कविलासी गा.वि.स. सर्लाही जिल्लाको सदरमुकामबाट १० कि.मि.दुरीमा रहेको छ । आर्थिक दृष्टिकोणले यस गा.वि.स.का अधिकान्स जनताहरु व्यापारमा संलग्न छ, यस गा.वि.स.को कृषकहरुलाई गौमूत्र सम्वन्धि विषेश जानकारीको निम्ति ग्रामिण सेवा समाजको मुख्य कार्यालयमा गाई वस्तुको मूत्र सम्वन्धि अनुसन्धान तथा प्रसार केन्द्रको स्थाप्ना गरीएको छ । यसबाट यस गा.वि.स.को. साथै यस जिल्ला अन्तर्गतका विभिन्न गा.वि.स.का कृषकहरु प्रत्यक्ष रुपमा लाभान्वित भई रहेका छन् ।

**गा.वि.स. कविलासीमा संचालन भएका गाईवस्तुको मूत्र संकलन, अनुसन्धान तथा प्रसार केन्द्रको गतिविधिहरु :**

**ग्रामिण सेवा समाज कविलासी-९, गैर वजारद्वारा**
**NDM-2008 कार्यक्रम अन्तर्गत गरीवी निवारणको लागि संचालित गोमूत्र संकलन अनुसन्धन एवं प्रचार कार्यक्रमको गतिविधिहरु :**
गा.वि.स. कविलासी
सर्लाही
२०६५/०६६

- कृषकहरुलाई भेला गराई गाई वस्तुको मूत्रसंकलन र सोको प्रयोग वालीनाली र बोट विरुवामा कसरी गर्ने सम्वन्धमा आवश्यक जानकारी गराउने ।
- मूत्र खरिद विक्रि सम्वन्धि सुचना प्रवाह गर्नुको साथै अवश्यक रख रखाव र भण्डारण सम्वन्धि जानकारी गराउने ।
- वोट विरुवामा प्रयोग भईरहेको रसायनिक मल र विषादि औषधिको प्रभाव र गाई वस्तुबाट तयार पारिएको जैविक मल, जैविक विषादि सम्वन्धि प्रभावको तुल्नात्मक अध्ययन सम्वन्धि कृषकहरुलाई जानकारी गराउने ।
- गाई वस्तुको मूत्रको वहुआमिक गुणवारे कृषकहरुलाई जानकारी गराउने ।



**विशेष जानकारीको लागि सम्पर्क स्थान :**
**ग्रामिण सेवा समाज, कविलासी-९, गैर वजार, सर्लाही**
**फोन नं. ०४६-६९०२२१, ०४६-६९०१७९**

**११.९. जब्दी :**

जब्दी गा.वि.स. सर्लाही जिल्लाको सदमुकामबाट उतर-पूर्व भामा १४ माईलको दुरीमा अवस्थीत छ। यस गा.वि.स.को साक्षरता दर ४४.२, कृषि कार्यमा संलग्न ६८% को साथै घरधुरी संख्या १३७३ रहेको यस गा.वि.स.को विभिन्न टोल मध्यबाट सिस्वा गाउँ वडा नं.४को घरधुरीले यस ***NDM-2008*** कार्यक्रम अन्तर्गत गाई वस्तुको मूत्रको प्रयोग गरी गरीवी न्यूनीकरण कार्यमा सघाउ पगेको छ।

**गा.वि.स. जब्दीमा संचालन भएका गाईवस्तुको मूत्र संकलन, अनुसन्धान तथा प्रसार केन्द्रको गतिविधिहरु :**

**ग्रामिण सेवा समाज कविलासी-९, गैर वजारद्वारा**
**NDM-2008 कार्यक्रम अन्तर्गत गरीवी निवारणको लागि संचालित गोमूत्र संकलन अनुसन्धन एवं प्रचार कार्यक्रमको गतिविधिहरु :**
गा.वि.स. जब्दी
सर्लाही
२०६५/०६६

- कृषकहरुलाई भेला गराई गाई वस्तुको मूत्रसंकलन र सोको प्रयोग वालीनाली र बोट विरुवामा कसरी गर्ने सम्वन्धमा आवश्यक जानकारी गराउने।
- मूत्र खरिद विक्रि सम्वन्धि सुचना प्रवाह गर्नुको साथै अवश्यक रख रखाव र भण्डारण सम्वन्धि जानकारी गराउने।
- वोट विरुवामा प्रयोग भईरहेको रसायनिक मल र विषादि औषधिको प्रभाव र गाई वस्तुबाट तयार पारिएको जैविक मल, जैविक विषादि सम्वन्धि प्रभावको तुल्नात्मक अध्ययन सम्वन्धि कृषकहरुलाई जानकारी गराउने।
- गाई वस्तुको मूत्रको वहुआमिक गुणवारे कृषकहरुलाई जानकारी गराउने।



**<u>विशेष जानकारीको लागि सम्पर्क व्यक्तिको रुपमा श्रीमती ईन्दु सिहंलाई कार्यभार सुम्पिएको छ</u>**

**११.१०. वोटविरुवा वितरण :**

बकाइनो तथा निमको विरुवा जैविक विषाधि बनाउनको निम्ति पातको आवस्यक्ता पुर्ति गर्नको लागि २०० जना कृषकहरुलाई वितरण गरिएको छ ।

**११.११. गटुर, स्प्रे टैन्क :**

गटर टैन्कको सहयाताले ५ वटा गा.वि.स.हरुको समुहको सदस्यहरु वाहेक अन्य सदस्यहरुद्वारा पनि गाईको गहूँत छर्ने कार्य भईरहेको छ ।

**१२. तीन दिने गाई वस्तुको गहूँत प्रयोगवारे वहुउपयोगी तालिम :**

३ दिने गाई वस्तुको गहूँत प्रयोग वारे वहुउपयोगी तालिम ३ ठाउंमा संचालन भएको थियो । जस्मा जब्दी गा.वि.स.को सिस्वामा नै तालिमको व्यवस्था गरिएको थियो । त्यस्तै किसनपुर र फरहदवको निम्ति गैर नि.मा.वि.मा तालिमको व्यवस्था गरिएको थियो सोही अनुसार गा.वि.स. पिपरियाको निम्ति पिपरिया मा.वि.मा तालिमको व्यवस्था गरिएको थियो साथै ति सवै तालिम केन्द्रहरुमा वहुउपयोगि तालिमको निम्ति जि.कृ.वि.कार्यालय सर्लाहीको कृषि प्रमुख श्री नथुनि सहु जीलाई प्रशिक्षकको रुपमा ३ वटा केन्द्रहरुमा बोलाइएको थियो । त्यसै गरि तिनै वटा तालिम केन्द्रहरुमा समय तालिका अनुसार श्री सिकिन्द्र चौधरी जे.टे.ए. गाई वस्तुको गहूँत सम्वन्धि भएको हुनाले निजलाई पनि बोलाईएको थियो । त्यसै गरि महोतरी जिल्ला पशु क्वारेन्टाइन साखाका जे.टि. श्री भाग्य नारायण झाको साथै यस कार्यक्रमका टिम लिडर र यस ग्रामिण सेवा समाजका सचिव श्री विष्णु नारायण झाजी बाट पनि गाई वस्तुको गाहूँत सम्वन्धि समुचित व्यवस्थापन वारे तालिम दिने कार्य सम्पन्न गरियो ।



१.जि.कृ.वि.का.प्रमुख श्री नथुनी साहुबाट प्रशिक्षण दिदै



२. प्रशिक्षक श्री शिकिन्द्र चौधरीबाट प्रशिक्षण दिदै



३. प्रशिक्षक श्री शिकिन्द्र चौधरीबाट प्रशिक्षण दिदै

१३. अनुगमन :

यस कार्यक्रमसंग सम्वन्धित गरीवी निवारण कोषका कार्यप्रवन्धक श्री धनराज साह ज्यूबाट यस कार्यक्रमको निरिक्षण तथा अनुगमन मिति २०६५।११।२७ मा गर्नु भएको थियो । यस कार्यक्रमको प्रभावकारीता सम्वन्धि अनुगमन जिल्ला विकास समितिका श्री पुष्कर मनि घिमिरे कार्यक्रम अधिकृत र यस ग्रामिण सेवा समाजका सचिव श्री विष्णु नारायण झा, पत्रकार श्री रामा नन्द मिश्र मधेषवाणी दैनिक पत्रिका साथै राजनितिक दलबाट श्री मोहमद शेष सहदुल्लाको संयुक्त टोलीबाट यस कार्यक्रमको प्रभावकारीता र गरीवी निवारण कोषबाट हामिलाई दिइएको समय अनुसारको प्रगति वारे मिति २०६६/०३/२७-२८ गा.वि.स. पिपरिया, कविलासी, फरहदवा, किसनपुर र जब्दीको निरिक्षण सम्वन्धि कार्य सम्पन्न भएको थियो । र सोही अनुगमन कार्यमा गाई वस्तुको गहूँतको प्रयोगवारे उपभोक्ताहरुबाट गाई वस्तुको गहूँतबाट वाली विरुवामा परेको प्रभाव वारे जानकारी अनुसुची ..१....मा राखिएको छ ।







**जिल्ला स्तरिय अनुगमन तथा मुल्यांकन समितिबाट अनुगमन कार्य गरिदै**

**१४. सुचना प्रवाह :**

गाई वस्तुको गहूंत सम्वन्धि जानकारीको प्रवाह एवं प्रसार विभिन्न प्रकारका पोस्टर, पम्पलेट एवं स्थानिय सर्लाही एफ.एम.को माध्यमवाट व्यापक रुपमा भएको छ । साथै गाई वस्तुको गहूंत सम्वन्धि प्रचार प्रसारको काम चालु अवस्थामा रहेको छ । गरीवी निवारण कोषबाट हामिलाई दिएको सम्पूर्ण कार्यहरु निर्धारीत समयमा सतप्रतिशत पुरा गरिएको छ । हालमा गाई वस्तुको गहुँतको प्रयोग सम्वन्धि जानकारी एफ.एम.बाट प्रसारण गरिरहेको छ । विषेश जानकारी अनुसुचि ३., मा राखिएको छ ।

**१५. गाईवस्तुको मूत्र परिक्षण समवन्धि परिक्षण प्रदर्सन :**

विभिन्न ५ ओटा अनुसन्धान तथा प्रसार केन्द्रहरुमा कृषकहरुको खेतवारीमा ३ ओटा प्लटहरुमा तरकारी बाली लगाई ३ ओटा Treatment गरिएको थियो । त्यस मध्यबाट सव भन्दा प्रभावकारी गाई वस्तुको मूत्रबाट उत्पादन गरिएको वस्तु नै देखियो ।

| कृषि रासायनिकको प्रयोग | गाईवस्तुको मूत्रको प्रयोग | केही पनि प्रयोग नगरेको (Control Plot) |
|---|---|---|

**१५.१. तरकारी र फलफुलमा परिक्षण प्रदर्शनको प्रभाव :**

यस परिक्षण प्रदर्शनमा गाई वस्तुको मूत्रको प्रभाव सवभन्दा वढी प्रभावकारी देखियो । यस प्रदर्शनको कारणले गर्दा सम्वन्धित गा.वि.स.का कृषकहरुमा गाई वस्तुको मूत्रको प्रभाव प्रति वढी आकर्षण भई यस पालीको धान वालीमा समेत प्रयोग भईरहेको थप जानकारी हुन आएको छ । यसको प्रभावले गर्दा रासायनिक मल र विषाधिको प्रयोगप्रति सम्वन्धित गा.वि.स.हरुमा कमि देखिएको छ साथै विभिन्न जातका फलफुल, बोटविरुवामा गरिएको परिक्षण प्रदर्शन प्रभावको घट्ना अध्ययन सम्वन्धि विवरण अनुसुचि ...... राखिएको छ ।

**१६. यस कार्यक्रमको प्रमुख उपलब्धिहरु :**

- व्यवस्थित गोठको निर्माण
- खेर गईरहेको गाई वस्तुको मूत्र प्रयोगमा ल्याई कृषि क्षेत्रमा क्रान्तिकारी परिवर्तन
- रासायनिक मलको साथै विषाधि औषधिहरुको प्रयोगमा कमि
- रोजगारीको अवसर
- आर्थिक अवस्थामा सुधार
- गाई पालनमा व्यवसायमा आधुनिकीकरण
- माटोको उर्वरा शक्तिमा सुधार

**१७. यस कार्यक्रमको प्रभाव**

- वर्षौं वर्षदेखि खेर गईरहेको गाई वस्तुको गहुँतको प्रयोग प्रति जागरुक
- कृषि क्षेत्रमा अमूल्य परिवर्तन
- मानविय स्वास्थ्यमा साकारात्मक प्रभाव
- हाम्रो जस्तो कृषि प्रधान र पाहाडी देशमा रासायनिक मल, रोग नासक औषधि ढुवानी गर्न धेरै खर्चिलो हुने भएकोले यो प्रविधि हाम्रो देशको लागि अति नै उपयोगि सिद्ध भएको छ
- क्षारिय जग्गालाई सुधार गर्नको लागि यो प्रविधि धेरै नै उपयोग सिद्ध भएको पाईएको छ

- यसले माटोको भौतिक गुण राम्रो पार्दछ जसबाट हावा पानीको संचार राम्रो हुन्छ साथै यसले माटोको उर्वरा क्षमता पनि बढाउँछ
- यसले माटोको सतहमा खाद्य तत्वको मात्रा बढाउछ

**१८. यस कार्यक्रमबाट सिकिएको पाठ :**

- सम्वन्धित निकायबाट विस्तृत रुपमा गाई वस्तुको मूत्र सम्वन्धि अनुसन्धान तथा प्रसार गर्नको निमित वातावरणको निर्माण हुनु पर्ने
- यस कार्यक्रमलाई नेपाल सरकारबाट पनि विशेष प्राथमिक्ताको रुपमा राख्नु पर्ने देखिन्छ
- कृषक समूहहरुको संस्थागत विकास गर्दै विकासको लागि संवन्धित सबै सरोकारबालाहरुको स्विकृत प्रयासलाई प्रवर्धन गर्न सक्ने

**१९. यस कार्यक्रम प्रति जिल्ला स्तरिय अनुगमन टोली र जनसमूदायको धारणा :**

"*लौन अव त केही गरौ* " र विकासद्वारा शान्तिलाई सबल पारौ । NDM 2008 कार्यक्रम जनसामूदायमा अति नै लोकप्रिय भएको हुनाले यस कार्यक्रमलाई आ.व. ०६६/०६७ मा समेत निरन्तरता प्रदान गर्न हुन समेत अनुरोध छ। (अनुगमन टोलीको रिपोर्ट अनुसुचि ... मा राखिएको छ।

**२०. आर्थिक प्रतिवेदन :**

सहयोगि संस्था :- ग्रामिण सेवा समाज कविलासी-९, गैर वजार, सर्लाही
प्रतिवेदन अवधि : - २०६५/०६६
कार्यक्रमको नाम :- *लौन अव त केही गरौ* NDM - 2008

| क्र.सं. | क्रियाकलाप | प्रतिवेदन अवधिसम्मको वास्तविक खर्च | कैफियत |
|---|---|---|---|
| १ | मानविय श्रोत | १९९९३२.४० | बाँकि तेश्रो किस्ताको रकम भुक्तानि रु २,००,०००।- गरिदिनुहुन अनुरोध छ। |
| २ | सामाजिक परिचालन | ७५८०००.०० | |
| ३ | प्राविधिक सहयोग | १०५०००.०० | |
| ४ | कार्यक्रम सहयोग | ५६०००.०० | |
| ५ | संस्थागत विकास | ४९०००.०० | |
| ६ | सामान्य खर्च | ४००००.०० | |
| **जम्मा** | | **१२१७०३२.००** | |

